नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७४/७५ –११
चलानी नं. : ३५४

CDS and Clearing Ltd.

## प्रेश विज्ञप्ति

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (सिडिएससि) ले नेपाल स्टक एक्सचेन्ज लि. र युनाइटेड फाइनान्स लि. संगको संयुक्त आयोजनामा प्रदेश नं. ५ र प्रदेश नं छ मा क्रमशः मिति २०७४।११।२८ गते र मिति २०७४।११।२९ गते **"लगानीकर्ता सचेतना कार्यक्रम"** आयोजना गरको छ।

प्रदेश नं. ५ मा नेपालगंजमा उक्त कार्यक्रम आयोजना गरेको छ। उक्त कार्यक्रममा उद्योग वाणिज्य संघ, नेपालगंजका तर्फबाट श्री तारा रोक्का प्रमुख अतिथि, सिडिएससिका प्रमुख कार्यकारी अधिकृत श्री देवप्रकाश गुप्ता, युनाइटेड फाइनान्स लि. का प्रमुख कार्यकारी अधिकृत श्री सुनन्द ब. श्रेष्ठ र नेपाल स्टक एक्सचेन्ज लि. का सहायक प्रबन्धक श्री सुरेन्द्रराज वाग्ले र अधिकृत श्री भेषराज खनाल अतिथिको रुपमा सहभागी भएका थिए। उक्त कार्यक्रममा सिडिएससिका प्रमुख कार्यकारी अधिकृत श्री देवप्रकाश गुप्ताले धितोपत्र अभौतिकीकरण, सिडिएस एण्ड क्लियरिङ्ग लि. को कार्य तथा सो लि. को पूँजी बजार विकासमा रहेको भूमिका, प्राथमिक सार्वजनिक निष्काशनमा सहजता प्रदान गर्न कार्यान्वयनमा ल्याइएको सि-आस्बा सम्बन्धी कार्यपत्र प्रस्तुत गरेका थिए भने नेपाल स्टक एक्सचेन्ज लि. को तर्फबाट कार्यपत्र प्रस्तुत श्री भेषराज खनालले गरेका थिए। उक्त कार्यक्रममा सहभागीहरुको उल्लेखनिय सहभागिता पाइएको थियो। त्यसैगरी, सिडिएससि र युनाइटेड फाइनान्स लि. को अगुवाईमा नेपालगंजको क्षेत्रीय प्रहरी तालिम केन्द्रमा चार सय भन्दा बढी पुलिस जवान तथा अधिकृतहरुलाई समेत नेपालको पूँजी बजार, नेप्से र सिडिएससिको पूँजी बजार विकासमा रहेको मुख्य भूमिका र हालै पूँजी बजारले हासिल गरेको प्रविधियुक्त उपलब्धी सम्बन्धी जानकारीमुलक कार्यक्रम आयोजना गरेको छ।

त्यसैगरी प्रदेश नं. ६ मा सुर्खेतमा आयोजना गरिएको कार्यक्रममा इम्पेरियल सेक्यूरिटिज क.प्रा.लि. को समेत सह-आयोजना रहेको छ। उक्त कार्यक्रममा कर्णाली प्रदेशका उद्योग वाणिज्य संघका अध्यक्ष श्री पदम बहादुर शाही प्रमुख अतिथि, सिडिएससिका प्रमुख कार्यकारी अधिकृत श्री देवप्रकाश गुप्ता, युनाइटेड फाइनान्स लि. का प्रमुख कार्यकारी अधिकृत श्री सुनन्द ब. श्रेष्ठ र नेपाल स्टक एक्सचेन्ज लि. का सहायक प्रबन्धक श्री सुरेन्द्रराज वाग्ले र अधिकृत श्री भेषराज खनाल अतिथिको रुपमा सहभागी भएका थिए। अध्यक्ष ज्यूले सुर्खेतमा पूँजी बजार सम्बन्धी शिक्षामूलक कार्यक्रम आयोजना गरेकोमा सिडिएससि र नेप्सेलाई धन्यवाद समेत ज्ञापन गर्नुभएका थिए। उक्त कार्यक्रममा सिडिएससिको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री देवप्रकाश गुप्ता र नेप्सेको तर्फबाट श्री भेषराज खनालले कार्यपत्र प्रस्तुत गरेका थिए। उक्त कार्यक्रममा सहभागीहरुको उल्लेखनिय सहभागिता रहेको थियो। साथै धितोपत्र निक्षेप सम्बन्धी सेवा प्रदान गर्न इम्पेरियल सेक्यूरिटिज क.प्रा.लि. ले सुर्खेतमा आफ्नो शाखा विस्तार गरेको छ।

उक्त कार्यक्रमहरुको मुख्य उद्देश्य नेपालको पूँजी बजारसंग आवद्ध लगानीकर्ताहरु तथा संभावित लगानीकर्ताहरुलाई सिडिएससि, नेप्से लगायत अन्य सम्बन्धित पक्षहरुले प्रदान गर्ने सेवाहरु र सो बाट हुने लाभहरु, पूँजी बजारको आधुनिकीकरणमा उक्त पक्षहरुको अपरिहार्य भूमिका, धितोपत्र अभौतिकीकरणको फाइदा, लगानीकर्ताहरुको हितका लागि सिडिएससिले विकास गरेका नयाँ सफ्टवेयरहरु र यस लि. को संचालन संगै पूँजी बजारमा भएको थप विकास सम्बन्धी प्रकाश पारी सहभागीहरुलाई शिक्षित बनाउनु नै यस कार्यक्रमको हो।

मिति : २०७४।११।२९

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150, Fax: +977-1-4240357
Email: info@cdscnp.com, Website: www.cdscnp.com